एकीकृत स्वास्थ्य संस्था अनुगमन तथा स्थलगत अनुशिक्षण प्रतिवेदन

(फेदीखोला स्वास्थ्य चौकी, आरुखर्क स्वास्थ्य चौकी, फेदीखोला सामुदायिक स्वास्थ्य एकाइ, भाटखोला स्वास्थ्य चौकी)

फेदीखोला गाउँपालिका

आर्थिक वर्ष: 2082/83

अनुगमन मिति: २०८२/०४/२–२०८२/०४/२८

१. फेदीखोला गाउँपालिकाको परिचय

फेदीखोला गाउँपालिका स्याङ्जा जिल्लामा अवस्थित एक स्थानीय तह हो। यस गाउँपालिकाभित्रका विभिन्न स्वास्थ्य संस्था जस्तै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ तथा सेवा केन्द्रहरूले स्थानीय समुदायलाई आधारभूतदेखि प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउँदै आएका छन्। नियमित स्वास्थ्य सेवा, खोप कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, रोगको पहिचान र उपचारलगायतका सेवा यस क्षेत्रमा सहज रूपमा उपलब्ध छन्।

२. स्वास्थ्य संस्था परिचय

क) फेदीखोला स्वास्थ्य चौकी

फेदीखोला गाउँपालिका-१ मा अवस्थित यस स्वास्थ्य चौकीले करिब १९९९ जनसंख्यालाई सेवा पुऱ्याइरहेको छ। दैनिक करिब १० देखि १२ जना बिरामीहरूले उपचार लिने गरेका छन्। संस्था नियमित रूपमा सन्चालन हुँदै आएको छ र पूर्वाधार व्यवस्थित छ। व्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको छ र सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत प्रसूति तथा जच्चा पछिको स्वास्थ्य परीक्षण (PNC) पनि राम्ररी हुँदै आएको छ।

संस्थाको सबल पक्षहरु

- नियमित स्वास्थ्य संस्था संचालन र सम्रक्षण राम्रो तथा पूर्वाधार व्यवस्थित
- व्यस्थापन समितिको बैठक तथा समन्वय नियमित,
- बार्षिक कार्ययोजना बैठकबाट निर्णय तथा जिम्मेवार व्यक्ति तोकिएको
- औषत बृध्दिदर अनुगमन २१ पटक
- खोप कार्यक्रममा खोप प्राप्त र खर्च हिसाब मिलेको,
- DHIS-2/eHMIS मा अभिलेख मिलेको
- खोपको लक्षित जनसंख्या: २३
- Category 2: High Coverage, High Dropout
- सुरक्षित मातृत्व कार्यक्रममा protocol अनुसार 4th र 8th visit नभएको क्रमश २४ र १८

सुधार गर्नुपर्ने पक्षहरु तथा आवश्यकता

- Medical Abortion सेवाको लागि दक्ष (trained)
- जनशक्तिको आवश्यकता
- Solar backup मर्मत गर्नुपर्ने
- Newborn resurcitation को लागि टेबल आवश्यकता
- Baby warmer को लागि प्रदेश जनस्वास्थ्य कार्यालयले पहल गर्ने

ख) आरुखर्क स्वास्थ्य चौकी

फेदीखोला गाउँपालिका-४ मा रहेको आरुखर्क स्वास्थ्य चौकीले करिब २१८८ जनसंख्यालाई सेवा पुर्‍याइरहेको छ। दैनिक १० देखि १३ जना बिरामीहरू यहाँ उपचारका लागि आउने गर्छन्। यस संस्थाले नियमित रूपमा OPD र अन्य सेवा संचालन गर्दै आएको छ। सुरक्षित मातृत्व कार्यक्रममा गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण (ANC) र प्रसूति पश्चातको स्वास्थ्य परीक्षण (PNC) मा भिन्नता न्यून रहेको छ। MSS Score अघिल्लो वर्षको ६७% बाट बढेर ७१% पुगेको छ।

संस्थाको सबल पक्षहरु

- संस्था नियमित रुपमा OPD तथा अन्य सेवा नियमित रुपमा संचालन
- व्यस्थापन समितिको बैठक तथा समन्वय नियमित
- सुरक्षित मातृत्व कार्यक्रम अंतर्गत 4th र 8th ANC follow up भिन्नता कम (११ र ८ क्रमश)
- PNC 3rd र 4th visit मा भिन्नता कम (१२ र १० क्रमश)
- MSS गत आ.ब.मा भन्दा सुधार भएको (६७ बाट ७१% भएको)

सुधार गर्नुपर्ने पक्षहरु

- खोप कार्यक्रम अन्तर्गत प्राप्त, खर्च अभिलेख नमिलेको
- बृध्दि अनुगमन दर कम (१८)
- जोखिम र अति जोखिम १५ जना मध्ये IMAM कार्यक्रममा ७ जना मात्रै दर्ता भएको बाकी छुटेका
- क्षयरोग निदान दर बढाउनको लागि सम्पर्क परिक्षण, OPD Screening, तथा परिक्षण दर बढाउने
- मलेरिया RDT द्वारा परिक्षण अति न्युन भएको

- संस्थाको म.ले.प. नभएको, आम्दानी र खर्चको बिवरण दुरुस्त हुन म.ले.प. गर्नुपर्ने
- बार्षिक कार्ययोजना तयार गर्नु पर्ने, ब्यवस्थापन समितिबाट स्वीकृत गरि कार्य संचालन गर्ने ।

ग) फेदीखोला आधारभूत स्वास्थ्य सेवा केन्द्र

फेदीखोला गाउँपालिका–२ मा रहेको यस सेवा केन्द्रले करिब ३५४० जनसंख्यालाई सेवा पुऱ्याइरहेको छ। दैनिक २० देखि ३० जना बिरामीहरूले उपचार लिने गरेका छन्। संस्थामा ३ जना अहेव, ३ जना अनमी, १ जना ल्याब असिस्टेन्ट र १ जना का.स. गरी स्वास्थ्य जनशक्ति कार्यरत छन्। संस्था व्यवस्थित रूपमा सञ्चालनमा छ ।

<u>संस्थाको सबल पक्षहरु</u>

- स्वास्थ्य संस्था नियमित व्यवस्थित रुपमा संचालन भएको आ व ८१/०८२ र ८२/८३ को वार्षिक तथा मासिक कार्ययोजना तयार भएको
- Average growth monitoring २० रहको
- eTB मा क्षयरोगको अभिलेख सहि र नियमित भएको
- खोप कार्यक्रम अन्तर्गत cat 3, (Low coverage 76%, low dropout 3%)
- मलेरियाको RDT बाट PCD परिक्षण ७५ जना रहेको
- ANC/PNC visit follow up नियमित र gap पनि कमि

<u>सुधार गर्नुपर्ने पक्षहरु</u>

- खोप कार्यक्रमको मासिक प्रगति अनुगमन तालिका ,व्यवस्थापन समिति ,fchv ,कर्मचारिहरुको flex board display नगरिएको
- eHMIS vs. DHIS2 मा मंगसिर भन्दा अगाडी महिनाको अभिलेख भिन्न रहेको
- व्यवस्थापन समितिको बैठक आंशिक रुपमा बसेको, आय, व्याय म.ले.प. नभएको, बैठक
- छलफल संस्थाको व्यस्थापन भन्दा कार्यक्रम संचालनमा केन्द्रित रहेको

घ) भाटखोला स्वास्थ्य चौकी

भाटखोला स्वास्थ्य चौकी फेदीखोला गाउँपालिका-३ मा अवस्थित छ र यसले करिब १२७५ जनसंख्यालाई सेवा पुऱ्याइरहेको छ। दैनिक करिब १० देखि १३ जना बिरामीहरूले उपचार सेवा प्राप्त गर्ने गरेका छन्। संस्थामा १ जना हे.अ., १ जना सी.अहेव, १ जना सि.अनमी, १ जना अहेव र १ जना का.स. कार्यरत छन्।

संस्थाको सबल पक्षहरु

- व्यस्थापन समितिको बैठक नियमित बसेको
- खोप कार्यक्रमको अभिलेख DHIS 2 र eHMIS मा एकरुपता [Immunization Cat १, (High Coverage Low Dropout)
- Average growth monitoring २१ रहको
- DHIS2, eTB र eHMIS मा क्षयरोग मा अभिलेख एकरुपता
- वार्षिक कार्ययोजना तयार भएको
- ANC/ PNC follow up राम्रो (ANC 4times and 8 ANC visit as per protocol बराबर, ६)
- PNC 3rd र 4th visit as per protocol बराबर (8)
- MSS Score गत आ.ब. (६२%) भन्दा सुधार भएको ७४%

सुधार गर्नुपर्ने पक्षहरु

- परिवार नियोजन अन्तर्गत Current User कम (Pills ७, Depo ७, New Acceptor Pills 10, Depo ५)
- eHMIS र DHIS2 मा सुरक्षित मातृत्व अन्तर्गत ANC/PNC अभिलेख भिन्न

सिफारिसहरू:

- पालिका, स्वास्थ्य संस्था, र समुदायबीच सहकार्य तथा नियमित अनुगमनको आवृत्ति बढाउने
- अभिलेख व्यवस्थापन प्रणालीलाई डिजिटल रूपमा सबल बनाउने
- स्वास्थ्यकर्मीलाई आवश्यक तालिम तथा स्रोत साधन उपलब्ध गराउने
- आवश्यक औषधि र सामग्रीको निरन्तर आपूर्ति सुनिश्चित गर्ने (मग्याम चिसापानी स्वास्थ्य चौकी)

- गुणस्तर मापन र अनुगमन सूचक सुधारमा निरन्तर ध्यान दिने

नगरपालिकाले गर्नुपर्ने कार्यहरु:

- स्वास्थ्य संस्थाहरूको सेवा गुणस्तर सुधार, अभिलेख व्यवस्थापन, स्रोत अभाव समाधान तथा नियमित कार्यसम्पादनको सुनिश्चितताका लागि पालिकाले व्यवस्थापन समिति, वडा, सम्बन्धित निकायहरूसँग सहकार्य गरी कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- MSS स्कोर सुधार, ANC/PNC सेवामा नियमितता, DHIS- र 2eHMIS मा अभिलेख एकरूपता, भवन तथा स्रोतको अभाव समाधान, eTB डेटा प्रविष्टि तथा अभिलेख अद्यावधिकको लागि तालिम, अनुगमन, बजेट व्यवस्थापन, जनशक्ति परिचालन तथा प्रविधिको प्रयोगमार्फत पालिकाले सक्रिय भूमिका निर्वाह गर्ने ।

प्रदेश जनस्वास्थ्य कार्यालयले गर्नुपर्ने कार्यहरु:

नियमित सहकार्य र समन्वय आवश्यक ,तालिम नियमित ,अनुगमन र संस्थागत अनुशिक्षण गर्ने र पालिका र प्रदेशसंग समन्वय गरेर संस्थाको भौतिक पूर्वाधार सुधिनिकरण गर्ने । (Medical Abortion training फेदीखोला स्वास्थ्य चौकीको लागि आवश्यक सहजीकरण गर्ने)

प्रस्तुतीकरणमा बिशेष उपस्थिति: केशव प्रसाद चापागाई (जनस्वास्थ्य प्रशासक, कार्यालय प्रमुख, प्र.जन.स्वा.का.स्याङ्जा)

हरि प्रसाद मरासिनीः सहायक लेखा अधिकृत, प्र.जन.स्वा.का.स्याङ्जा

प्रतिवेदक :

- विष्णु प्रसाद सुबेदी — TB/ Leprosy Supervisor Officer — प्र.जन.स्वा.का.स्याङ्जा
- तोया नारायण ढकाल — प्रसाशन अधिकृत — प्र.जन.स्वा.का.स्याङ्जा
- सुष्मा आचार्य — प. हे.न — प्र.जन.स्वा.का.स्याङ्जा
- अस्मिता भण्डारी — ज.स्वा.अ. — प्र.जन.स्वा.का.स्याङ्जा

फोटोहरु:

PAGE NO.............................
DATE / /

आज मिति २०८१ साल श्रावण २६ गते का दिन आलबके स्वास्थ्य चौकिमा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जा बाट सि अ हे व केशव परजुली ज्यू को संयोजकत्व मा अनुगमन गर्दा निम्नानुसार पाइयो ।

तपशिल

- सि अ हे व केशव परजुली
- प्र ज नि अ विष्णु प्रसाद सुवेदी
- अ हे व तोय नारायण ढकाल
- प हे व सुष्मा आचार्य
- अ नि अ अनिता भण्डारी
- अ न मि सविना अधिकारी (आलबके स्वा चौ)

विशेष उपस्थिति
- गा स अध्यक्ष श्याम नारायण पौडेल

निर्णय नं. १

यस आलबके स्वास्थ्य चौकीमा अनुगमन गर्दा तपशिल बमोजिम रहेको पाइयो ।

- दैनिक बिरामी औषत १०-१३ रहेको पाइयो
- स्वास्थ्य व्यवस्थापन समितिको बैठक नियमित रुपमा बसेको पाइयो ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत 4th ANC र 8th ANC प्रोटोकल अनुसार भिन्नता कम रहेको पाइयो (११ र ८) ANC फलोअप राम्रो गरेको पाइयो
- PNC 3th भिजिट र 4th भिजिट बिचको भिन्नता कम रहेको देखियो ।(१२ र १०) PNC भिजिटको फलोअप राम्रो गरेको पाइयो
- MSS को गत आ व भन्दा सुधार भएको (67 बाट 71 पुगेको)

PAGE NO.
DATE / /

निर्णय नं. २

यस आ.व.को स्वास्थ्य चौकीमा अनुगमन गर्दा तपसिल बमोजिम सुधार गर्नु पर्ने देखिएको पाइयो।

- eHMIS मा बजेटको आम्दानी र खर्च नमिलेकोले मिलान द्वारा इन्ट्री गर्नु पर्ने।
- वृद्धि दर औषत मा १८ भएको जसलाई बढाउनु पर्ने देखिन्छ
- मलेरियाको RDT रेसियो न्यून रहेको
- जोखिम र अति जोखिम १२ जना रहेकोमा Imam कार्यक्रममा ६ जना मात्र भर्ना भएका र बाकी ६ जना छुटेका
- TB रोगको रोग निदान दर बढाउन प्रिजम्टीभ डाटा रेजिस्टर HMIS 6.1 नियमित रुपमा अपडेट गरी eTB को समग्र डाटामा डाटा इन्ट्री गरी DHIS2 मा अपलोड गर्ने
- लामो समय देखि अडिट नभएकोले अडिट गराउनु पर्ने

आज मिति २०८२ साल श्रावण २६ गते यस फेदीखोला गाउँपालिका अन्तरगत फेदीखोला स्वास्थ्य चौकीमा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाको उपस्थितिमा यस स्वास्थ्य चौकी का संयोजक शान्ता कुमारी अर्याल ज्यू को उपस्थितिमा अनुगमन गरी निम्नानुसार भयो ।

उपस्थिति

[signature]	सि.अ.न.मि	शान्ता कुमारी अर्याल
[signature]	सि.अ.हे.व	सरिता पराजुली
[signature]	सि.अ.न.मि	मन्जु गुरुङ
[signature]	अ.न.मी	अमृता पौडेल दुवेदी
[signature]	नाय सुब्बा	विष्णु प्रसाद दुवेदी
	अ.हे.व	नाय नारायण खनाल
[signature]	अ.हे.व	कृष्णा आचार्य
[signature]	ल्या.अ.	अस्मिता भण्डारी
डोरमाया	का.स.	डोरमाया पाइजा

निर्णय नं. १

यस स्वास्थ्य चौकीमा प्रदेश जनस्वास्थ्य कार्यालयबाट अनुगमन गर्दा निम्नानुसारको सबल पक्ष भएको पाइयो ।

- कार्यालय सञ्चालन नियमित रूपमा भएको पाइयो ।
- वृद्धि दर २१ प्रतिशत भएको पाइयो ।
- ANC 4th मिजिट र 8th मिजिट प्रोटोकल अनुसार भिन्नता कम देखिएको । (२५ र १८)
- eHMIS र DHIS 2 को आंकडा मिलेको
- PNC 3th मिजिट र 4th मिजिट प्रोटोकल अनुसार भिन्नता कम देखिएको (२५ र ३०)
- वर्थिङ सेन्टर अनुगमन गर्दा मेडिकल जन्य सम्पूर्ण सामानहरू रहेको पाइयो ।
- MSS स्कोर (८०) राम्रो देखिएको ।
- व्यवस्थापन समितिको बैठक नियमित रूपमा बसेको

निर्णय नं: २

यस फेदीटोला स्वास्थ्य चौकीमा अनुगमन गर्दा निम्नानुसार सुधार गर्नु पर्ने पक्ष पाइयो ।

- सोलार ब्याकअप भएता पनि काम नगरेकोले मर्मत गर्नु पर्ने ।
- बेबि वार्मर नभएको हुँदा प्रदेश जनस्वास्थ्य कार्यालय वा औषधी व्यवस्थापन केन्द्र पोखरा मा माग गरी उपलब्ध गराउन पहल गर्ने ।
- कार्ययोजनालाई चार्ट बनाई सबैलाई सुचित हुने गरी राख्ने गर्नु पर्ने ।

आज मिति २०८२ साल श्रावण २८ गते फेदीखोला गाउँपालिका अन्तरगत भारबोला स्वास्थ्य चौकी मा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जा बाट अनुगमन गर्दा तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिम भएको पाइयो ।

तपशिल

१. नि अ हे व श्री कविता देवि शर्मा
नि अ न मि श्री शारदा लामिछाने
अ हे व श्री गणेश गौतम
ल्याब कु नि अ श्री विष्णु प्रसाद उपाध्याय
अधिकृत छैटौं श्री तोप नारायण कोल
प हे न श्री कुस्मा आचार्य
ज. अ. श्री अनिता भण्डारी
क. स. कौशिला रानामगर (भारबोला स्वा.चौ.)
हे. अ. श्री हिरा देवी रानामगर

निर्णय नं. १

प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जा बाट यस स्वास्थ्य चौकिमा अनुगमन गर्दा तपशिल बमोजिम राम्रो पक्ष भएको पाइयो ।

- TB को केस फाइन्डिङ र outcome दुरुस्त देखिएको
- खोप कार्यक्रममा catogary first मा भएको (high coverage low dropout)
- eHMIS र DHIS मा खोप कार्यक्रमको Data हुबहु मिलेको
- औसत ग्राम भनिराटे २२ रहेको
- ANC 4th भिजिट र 8th भिजिट प्रोटोकल अनुसार बराबर भएको (6:6)
- PNC 3th र 4th भिजिट प्रोटोकल अनुसार बराबर भएको (8:8)

निर्णय नं. २

प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जा बाट अनुगमन गर्दा तपसिल बमोजिम सुधार गर्नु पर्ने पाइएको देखियो ।

- eHMIS र DHIS मा ANC र PNC को Data हरुमा भिन्नता देखिएको ।
- परिवार नियोजन कार्यक्रम अन्तर्गत प्रयोग कर्ताको दर कम देखिएको
- नयाँ प्रयोगकर्ता pills को १० र Depo को ~~५~~ रहेको र हाल अपनाएको pills को ७ Depo को ७ देखिएकोले प्रयोग कर्ताको दर बढाउनु पर्ने ।
- यस स्वास्थ्य संस्थामा एक जना ANM (अ.न.मि कर्मचारी)को आवश्यक देखिएकोले पालिका समक्ष निर्णय गरी माग गर्नु पर्ने ।